नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
भाद्र/आश्विन २०७७ (September 2020) वर्ष २४/अङ्क २७९

## प्रभु-भोज र नयाँ करार (लूका २२:१९-२०)

- पाष्टर बर्णबास श्रेष्ठ

प्रभु-भोज खीष्टलाई विश्वास गर्नेहरूको लागि अत्यन्त महत्त्व राख्दछ। जसै हामी विश्वास गर्नेहरू सँगै भेला हुँदा रोटी भाँच्दछौं र कचौराबाट पिउछौं र उहाँको मृत्युको सम्झना गर्दछौं। हामी एकै भएको घोषणा गर्दछौं। कारण हामी एउटै रोटीबाट खान्छौं अर्थात् येशूको शरीरको सहभागी बन्छौं।

प्रभु-भोजले खीष्ट येशूको तोडिएको शरीर अर्थात् उहाँको बलिदानलाई बुझाउँछ। जुन बलिदानको कारण हामीले जीवन पायौं अर्थात् परमेश्वरसँग मिलाप पायौं। हामीले उहाँसम्म पुग्ने नयाँ र जीवित बाटो पायौं। उहाँको रगतले धोइएर सिधै परमेश्वरसँगको सम्बन्धमा आउन पाउँछौं।

प्रभु-भोजको लागि मुख्य दुई किसिमका वस्तु चलाइन्छ। रोटी र कचौरा। यसका लागि विभिन्न मण्डलीमा विभिन्न किसिमको वस्तु चलाउने चलन छ। अरू मण्डलीले जे जस्तो सामाग्री चलाएता पनि ने.इ.म हाम्रा मण्डलीहरूमा हामी सुख्खा रोटी र दाखको स्वादको सरवत (जुस) चलाउने गर्छौं। हामीले चलाउने सामाग्री कस्तो हुनुपर्छ भन्नुभन्दा त्यो सामाग्रीले के के अर्थ दिन्छ सो बुझ्नु जरुरी छ।

### बाइबलअनुसार रोटी र कचौराको अर्थ के छ ?

### १. रोटी

**अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरूलाई यसो भन्दै दिनुभयो, "तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो। मेरो सम्झनामा यो गर्ने गर"** (लूका २२:१९)।

रोटीले खीष्ट येशूको शरीरको प्रतिनिधित्व गर्दछ। यूहन्ना ६ अध्यायले यसको बारेमा राम्रो वर्णन गरेको छ।

रोटीले जीवन भन्ने बुझाउँछ। येशूले भन्नुभयो, **"जीवनको रोटी म नै हुँ।"** उहाँ नै हाम्रो जीवनको श्रोत हुनुहुन्छ।

**येशूले तिनीहरूलाई भन्नुभयो "जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन। ........., त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ। ..........., "स्वर्गबाट ओर्लिआएको रोटी म नै हुँ।" .....म जीवनको रोटी हुँ। .....स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो"** (यूहन्ना ६:३५, ५७, ४१, ४८, ५१)।

रोटी लिनु भनेको उहाँको जीवनलाई हामीमा धारण गर्नु। खीष्ट येशूको शरीरमा अर्थात् मण्डलीमा सहभागी हुनु हो।

रोटी एउटै हो, यसकारण धेरै भए तापनि हामी एउटै शरीर हौं, किनकि हामी सबै एउटै रोटीबाट खान्छौं (१ कोरिन्थी १०:१७)। यसैकारण जो मण्डलीमा छैनन् अर्थात् उहाँको शरीरमा छैनन् उनीहरूलाई प्रभु-भोजमा हामी (ने.इ.म. मण्डली) सहभागी गराउँदैनौं। त्यस्तै गरी मण्डलीका कुनै सदस्यले मण्डलीको अनुशासनमा नरही वा अनुशासनलाई भंग गरी मण्डलीदेखि बाहिरिएकाहरू (अनुशासनमा रहेकाहरू) लाई पनि प्रभु-भोजमा सामेल गराउँदैनौं।

### २. कचौरा

यसै गरी खाइसक्नुभएपछि उहाँले कचौरा लिनुभयो र भन्नुभयो, **"यो कचौरा तिमीहरूका निम्ति बगाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो"** (लूका २२:२०)।

यो कचौरा **मेरो रगतमा** भएको **नयाँ करार** हो (१ कोरिन्थी ११:२५)।

जसै हामी कचौराबाट पिउँछौं, हामी खीष्ट र मानिसको बीचमा भएको त्यो करारको सम्झना गर्दछौं जुन करारको रगतले हामीलाई शुद्ध पार्दछ।

### नयाँ करारको रगत के को लागि ?

पहिलेको करारअनुसार धर्मी ठहरिन मानिसले व्यवस्था (कामद्वारा) पूरा गर्नु पर्दथ्यो। परमेश्वरले गर्नु भएको प्रतिज्ञा प्रस्थान १९:५-६ र मानिसहरूले गर्नुपर्ने कर्तव्य (प्रस्थान १९ देखि २४ अध्यायसम्म) पहिलो करार परमेश्वर र मानिसको बीचमा भएको थियो जुन पक्का गर्नको लागि परमेश्वरले मोशालाई भेडाको रगत बगाएर सो कार्य गर्न लगाउनुभयो।

मोशाले आधा रगत लिएर कचौरामा हाले, र आधा रगतचाहिँ वेदीमा छर्के। त्यसपछि तिनले करारको पुस्तक लिएर मानिसहरूका सामुन्ने पढ़े। तिनीहरूले जवाफ दिए, "परमप्रभुले भन्नुभएका सबै कुरा हामी गर्नेछौं र आज्ञाकारी हुनेछौं।" तब मोशाले रगत लिएर मानिसहरूमाथि छर्के, र भने, **"हेर, यो त्यस करारको रगत हो, जो परमप्रभुले आफ्ना यी सबै वचनअनुसार तिमीहरूसित बाँध्नुभएको छ"** (प्रस्थान २४:६-८)।

पहिलेको करारअनुसार मानिस चलेनन्। मानिसले (इस्राएलले) करार भंग गरे। यसैले परमेश्वरले त्यागिदिनु भयो।

त्यस अविश्वासी इस्राएलका सबै व्यभिचारको कारण मैले त्यसलाई त्यागपत्र दिएर निकालिदिएँ (यर्मिया ३:८)।

तर परमेश्वर कृपालु हुनुहुन्छ र अर्को मौका दिनुहुन्छ। यसैकारण परमेश्वरले मानिसको लागि नयाँ करारको योजना बनाउनु भयो।

परमप्रभु भन्नुहुन्छ, "ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु। .......... "तिनीहरूले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरूका पिता थिएँ।" परमप्रभु भन्नुहुन्छ, ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर

म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु । तिमीहरूबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय दिनेछु । अनि म मेरा आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरा विधिहरू पालन गर्ने र मेरा नियमहरू होशियारीसाथ मान्ने तुल्याउनेछु (इजकिएल ३६:२६-२७) ।

.... तर जीवित परमेश्वरका आत्माले लेखिएको होः ढुङ्गाका पाटीमा होइन, तर मासुका हृदय (पाटी) मा (२ कोरिन्थी ३:३) ।

नयाँ करार स्थापना गर्न परमेश्वर स्वयंले आफ्नै रगत बगाएर यो कार्यलाई पूर्णता दिनुभयो ।

बोका र बाछाहरूको रगतले होइन, तर आफ्नै रगतद्वारा अनन्त उद्धार प्राप्त गरिदिएर सधैंको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो । ......किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो । यसकारण पहिलो करार पनि रगतविना पक्का हुन सकेन (प्रस्थान ९:१२, १४, १८) ।

**प्रभु-भोज कसले नलिने**

वास्तवमा प्रभु-भोज सबैले, उहाँलाई विश्वास गरेका र बप्तिस्मा लिएका सबैले लिनुपर्छ । मन लागे खाने मन नलागे नखाने होइन । उहाँले ठहराउनुभएको यो विधिलाई हेलचेकाइ गर्नु हुँदैन कारण यो उहाँको अपमान गरेको जस्तै हो । तर कतिले लापर्वाहीसँग यो केही पनि होइन भने झैँ विधि विधान पालन गरे जस्तै मात्र पनि गर्नु हुँदैन ।

यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र रगतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ । हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस् । किनकि प्रभुको शरीरलाई नचिनिकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ (१ कोरिन्थी ११:२७-२९) ।

त्यसैले अखीष्टियनहरूलाई हामी नेइमले प्रभु-भोज दिँदैनौं कारण उहाँहरूले उहाँको शरीरलाई (मण्डलीलाई) चिन्नुभएको छैन । यो मण्डलीले एकसाथ गर्ने विधि हो । यसैले मण्डलीमा भित्र नभएकाहरूले नलिनुहुन अनुरोध गर्दछौं । हामी बप्तिस्माद्वारा विधिवत मण्डलीमा भित्र आउँछौं । अनुशासनमा भएका अर्थात् मण्डलीको अनुशासन तोडेर मण्डलीबाट बाहिर बसेकाहरूले पनि प्रभु-भोज नलिएको हामी चाहन्छौं ।

तिमीहरू आफै विचार गरः परमेश्वरका पुत्रलाई खुट्टामुनि कुल्चने, आफूलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने र अनुग्रहका आत्मालाई अपमान गर्नेचाहिँ झन् कति बढ़ी कड़ा दण्डको योग्य ठहरिनेछ (हिब्रू १०:२९) ।

यसै कारण हामीले रोटी वा कचौरा लिने कुरालाई एउटा विधि मात्र बनाउनु हुँदैन । पुरानो करार जस्तै विधि पूरा गर्नलाई मात्र प्रभु-भोज लिएर हुँदैन । के हामीले हाम्रो हृदयमा उहाँको वचन पालन गर्ने अठोट गर्न सक्छौ ? के हाम्रो ढुंगाको हृदय बदलिएको छ ? हृदयमा लेखिएको व्यवहारमा देखिन्छ, मनमा (समझमा) भएको मुखमा सीमित हुन्छ ।

यसैकारण तिमीहरूमध्ये धेरै जना दुर्बल र रोगी छौ, र कति जनाचाहिँ मरिसकेका छन् (१ कोरिन्थी ११:३०) ।

प्रभु-भोजलाई हामीले हलुको बनाउनु हुँदैन, जहिले पायो तहिले, जहाँ जसरी गर्न मनलाग्यो त्यसरी, खीष्टलाई प्रेम नगर्ने तर प्रभुभोजलाई विधि-विधान मात्र बनाउने, खीष्टले दिनुभएको आज्ञाको अवहेलना गर्ने अनि प्रभु-भोजमा सामेल हुने गर्दा उहाँको शरीर र रगतको अपमान गरेको हुन्छ र त्यस्तो कार्य गर्नेहरूको उन्नती हुन सक्दैन बरू अझ हृदयको कठोरताको कारण आत्मिकी मृत्यु अर्थात् परमेश्वरबाट अलग हुने, र आत्मिकी शिथिलता आउन सक्छ । परमेश्वरले दण्ड दिनुहुन्न तर उहाँको अपमान गर्नेहरूलाई आशिष् र सुरक्षा पनि दिनुहुन्न ।

**प्रभु-भोज लिँदा हामी खीष्ट केन्द्रित हुनुपर्छ**

प्रभु-भोज लिँदा हामी हामीले गरेका पाप सम्झिँदै पश्चत्ताप गर्दै लिने गर्छौ । प्रभुभोज लिँदा आफू केन्द्रित हुने होइन । उहाँले के गर्नुभयो सो कुराको सम्झना गर्नु अर्थात् उहाँको मृत्युको सम्झना गर्नु असल हुन्छ ।

२४..........., "यो तिमीहरूका निम्ति मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर ।" २५......... "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो । जहिले जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर" १ कोरिन्थी ११:२४-२५) ।

यसैले मैले के गरें के गरिन भन्ने कुरामा ध्यान केन्द्रित गर्नुभन्दा खीष्टले के गर्नुभयो सो कुराको सम्झना गर्न महत्वपूर्ण हुन्छ । उहाँसँग भोजमा सामेल हुँदा उहाँले के गर्नुभयो सो सम्झने र धन्यवादी हुने, र हामीले उहाँलाई "तपाईंले जे गर्नुभयो सो कारण हामी तपाईंमा समर्पित भई तपाईं नआउन्जेल तपाईंको मृत्युको प्रचार गर्दै रहन्छौ" भनी प्रतिज्ञा गर्नु असल हुन्छ ।

## जानकारी



जमल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती **दावा लामा शेर्पा** ८२ वर्षको उमेरमा श्रावण २५ गते/अगष्ट ९ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



कपन बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **लाजरस राई** ६४ वर्षका उमेरमा भाद्र ६ गते/अगष्ट २१ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।

**मिशनेरीहरूको लागि प्रार्थना**

पाष्टर जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

# हार्दिक बधाई



श्रावण २४ गते/अगष्ट ८ तारिख शनिबार नेइम ज्ञानेश्वर चर्चकी सदस्य सुश्री **पवित्रा राई** र इटहरी ब्याप्टिस्ट चर्चको सदस्य श्री **रविन शिवा**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **रविन** र **पवित्रा शिवा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



श्रावण ३२ गते/अगष्ट १६ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री **रञ्जिता थापा** र नव जीवन मण्डली कुपण्डोलको सदस्य श्री **जमन विष्ट**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **जमन र रञ्जिता विष्ट**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



श्रावण/अगष्ट ९ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **चन्द्र बहादुर तामाङ्ग** र सुश्री **सुष्मा गुरूङ्ग** नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **चन्द्र बहादुर र सुष्मा तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



भाद्र १ गते/अगष्ट १७ तारिख सोमबार नेइम जोरपाटी चर्चको सदस्यहरू श्री **अब्राहाम नगरकोटी** र सुश्री **शीला श्रेष्ठ**को नेइम जोरपाटी चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अब्राहाम र शीला नगरकोटी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

# विशेष् प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, सबै राजनैतिक पार्टीहरूको लागि प्रार्थना गरिदिऔं ।

२. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति प्रार्थना गर्नेहरू हुन सकून् ।

३. विभिन्न ठाउँहरूमा बाढी पहिरोको कारण विस्थापित भएका परिवारको पुनर्स्थापनको लागि प्रार्थना गरौं साथै संकष्टमा परेकाहरूको उद्धारको लागि सरकारमा हुनुभएकाहरूले छिटो भन्दा छिटो राहत पुऱ्याउन सकेको होस् ।

४. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जानको साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी यस सेवकाइको लागि प्रार्थना गरिदिऔं ।

५. सारा संसारभरि येशू प्रभुको नाउँको खातिर प्रभुका जनहरूलाई दुःख, कष्ट, खेदो, निन्दा, सतावट दिनेहरू कुनै न कुनै माध्यमद्वारा प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

६. वर्तमान समयमा देखा परेका महामारीको समस्या समाधान गर्नको लागि देशको सरकारमा रहनुभएकाहरूलाई चाहिएको ज्ञान बुद्धि मागिदिऔं ।

७. सारा विश्वभरि फैलिरहेको कोराना भाइरसको कारण बिरामी हुनुभएकाहरूको रोगसँग लड्ने क्षमता बढेको होस् साथै यस किसिमको बिरामीहरू बिचलित नभई परमेश्वरमा भरोसा राख्नेहरू हुन सकून् ।

८. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

९. अन्धकारका शक्तिका अधार्मिक कामहरू भ्रष्टाचार, लागु पदार्थ दुर्व्यशन, देह व्यापार, अपहरण, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूका विरुद्धमा प्रार्थना गरौं ।

१०. बेरोजगारीहरू हुनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं साथै बेरोजगारीको कारण कुनै विश्वासीहरूले प्रभुको नाउँलाई निन्दित तुल्याउने काम नगरून् र परमेश्वरमा भरोसा गरिराख्नेहरू हुन सकून् ।

११. चाड पर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठचारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

१२. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा खीष्ट प्रभुलाई चिन्न सकून् ।

१३. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

१४. वर्तमान समयमा सेवा संगति नपाएको कारण विश्वासीहरूमा शिथिलता नआएको होस्, पवित्र आत्मा परमेश्वरले नै हरेकलाई प्रेरित गरिराख्नुभएको होस् भनी प्रार्थना गरौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २१ 6<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | २८ 13<br>देशका सम्पूर्ण मण्डलीका सेवक/सेविका साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ५:११-१२ | ४ 20<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-५ | ११ 27<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनुको साथै जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकून् ।<br>एफिसी ४:१७-३२ |
| **सोमबार**<br>Monday | २२ 7<br>मण्डलीका प्रत्येक परिवारले परमेश्वरलाई आफ्नो परिवारमा सधैं पहिलो स्थान दिन सकून् र पारिवारिक वेदी कहिल्यै ननिभेको होस् ।<br>प्रेरित १०:१-२ | २९ 14<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरको आदर गर्ने, भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १४५:१७-२० | ५ 21<br>सबै विश्वासीहरू जीवनका सबै क्षेत्रमा परमेश्वरको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकौं ।<br>फिलिप्पी २:१२-१७ | १२ 28<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ |
| **मंगलबार**<br>Tuesday | २३ 8<br>अन्धकारको शक्तिको विरूद्धमा खडा भई विजयी हुन, मण्डलीको जीवनमा स्तुति प्रशंसा, प्रार्थना, वचन पढाई अझै बढेर गएको होस् ।<br>२ तिमोथी ३:१०-१५ | ३० 15<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दुःख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहन साथै समाधानको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ४६:१-११ | ६ 22<br>मण्डलीका पाको उमेरका सबै वृद्ध-वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४,४९:१५-१६ | १३ 29<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह १४३:१० |
| **बुधबार**<br>Wednesday | २४ 9<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>कलस्सी ३:१६-१७ | ३१ 16<br>चाड पर्वको समयमा अधुरो घर परिवारमा हुनुभएकाहरू स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं ।<br>हिब्रू ४:१४-१६ | ७ 23<br>दुःख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या साथै विभिन्न कारणले थाकेका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १४ 30<br>परमेश्वरको महिमाको लागि सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ |
| **बिहीबार**<br>Thursday | २५ 10<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरू देशको वर्तमान परिस्थितिको कारण विचलित नभई प्रभुमामा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८ | १ 17<br>मण्डलीका विश्वासीहरू चारैतिर घटिरहेका अशान्ति, निरासका कुरातिर मात्र ध्यान दिई विचलित हुने होइन तर प्रभुको वचनमा रही स्थिर रहन सकून् ।<br>मत्ती २४:४-१४, २३-२५, ४२ | ८ 24<br>पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तरी हिमालदेखि दक्षिण तराईसम्मका सम्पूर्ण मण्डलीका अगुवा साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २०:१-७ | १५ October 1<br>मण्डलीका सबै जवानहरू धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग्नेहरू भई संसारमा असल साक्षी भएर जिउन सकून् ।<br>२ तिमोथी २:२२ |
| **शुक्रबार**<br>Friday | २६ 11<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्रता आएको होस् ।<br>लेवी २६:११-१३ | २ 18<br>परमप्रभु परमेश्वरलाई सधैं आदर, प्रशंसा, प्रेम गर्दै सबै कुराको निम्ति महिमा दिइरहन सकौं ।<br>भजनसंग्रह ८९:१४-१७ | ९ 25<br>हामी सबै एक मात्र सत्य जीवित पवित्र परमेश्वरको सधैं आराधना गरिरहन सकौं ।<br>भजनसंग्रह १४८:१-१३ | १६ 2<br>हामी विश्वासीहरू परमेश्वरको वचन पढ्ने, सुन्ने, सिक्ने मात्र नभई वचनअनुसार जिउनेहरू पनि हुन सकौं ।<br>हितोपदेश ४:४ |
| **शनिबार**<br>Saturday | २७ 12<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | ३ 19<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>लूका १५:११-२४ | १० 26<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर ख्रीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | १७ 3<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>हिब्रू १२:१ |

**"शान्त होओ, र म परमेश्वर हुँ भनी जान । जाति–जातिहरूमा म उचालिनेछु, पृथ्वीमा म उचालिनेछु ।" सर्वशक्तिमान् परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ ।**

**(भजनसंग्रह ४६:१०–११)**

 प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, www.nimnepal.tv 